**मुक्तिनाथ दर्शन सेवा**



दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन २३ गते शुक्रबार ❑ 8 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा क्षेत्रका तालको सरसफाइ एवम् रोजगारी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

पोखरा महानगरपालिका र लक्ष्मी ग्रुप फाउण्डेशन (लक्ष्मी ग्रुप) बीच वातावरण तथा पर्यावरण संरक्षणसँगै महानगर क्षेत्रका तालहरूको सरसफाइ एवं रोजगारी सिर्जनासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरिएको छ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र लक्ष्मी ग्रुपका अध्यक्ष गणेशबहादुर क्षेष्ठले एक समारोहका बीच बिहीबार समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो। तालको दीगो संरक्षण, पर्यावरणीय सन्तुलन, पर्यटन उद्योग र स्थानीय समुदायको आर्थिक सशक्तीकरणका लागि सीपमूलक तालिम र रोजगारीका अवसर सिर्जनामा योगदान गर्ने गरी परियोजना सञ्चालन गर्न लागिएको महानगर प्रमुख आचार्यले बताउनुभयो।

समझदारी पत्रमा गण्डकी बहुप्राविधिक शिक्षालयका विद्यार्थीलाई इन्टर्नसीप र व्यावसायिक प्रशिक्षण प्रदान गरी रोजगार र उद्यमशीलतातर्फ आकर्षित गर्ने, पोखरा महानगरपालिकामा रहेका विपन्न परिवारलाई इन्डक्सन चुलो वितरण र विद्युतीय पूर्वाधार सुधारमा सहयोग गरिने उल्लेख छ। लक्ष्मी ग्रुपका अध्यक्ष श्रेष्ठले महानगर क्षेत्रमा रहेका तालको सरसफाइ र जलकुम्भीलगायत झारको व्यवस्थापन, जलकुम्भीबाट हस्तकला उत्पादन र सीप विकास, गण्डकी बहुप्राविधिक शिक्षालयका विद्यार्थीका



लागि इन्टर्नसिप र प्रशिक्षण, विपन्न घरपरिवारलाई इन्डक्सन चुलो वितरण र नेपाल विद्युत् प्राधिकरणसँगको समन्वयमा विद्युतीय पूर्वाधार सुधारको क्षेत्रमा समन्वयात्मक ढङ्गले परियोजना सञ्चालन हुने बताउनुभयो।

पहिलो चरणमा पाइलट परियोजनाका रुपमा छ महिनाभित्र मूल्याङ्कन गरी त्यसको प्रभावकारिताका आधारमा फेवातालगायत अन्य तालमा परियोजना क्रमशः विस्तार गर्दै लगिनेछ। परियोजनामार्फत पोखरामा रहेका तालको दीगो संरक्षण र विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास गरिएको छ भने, तालहरूमा देखिने फोहर र प्रदूषणको समस्या समाधान हुने अपेक्षा छ। पोखराका तालहरूमा लेउ र जलकुम्भी झार नियन्त्रण गरी पर्यावरणीय सन्तुलन र पर्यटकीय आकर्षण कायम राख्ने, निकालिएको जलकुम्भी झारबाट हस्तकलाका सामग्रीहरू उत्पादन तथा प्रशोधनका लागि स्थानीय समुदायमा सीप विकास मार्फत रोजगारी सिर्जना गर्ने, गण्डकी बहु प्राविधिक शिक्षालयका विद्यार्थीहरूलाई इन्टर्नसिप र व्यावसायिक प्रशिक्षण प्रदान गरी रोजगार र उद्यमशीलता तर्फ आकर्षित गर्ने, पोखरा महानगरपालिकामा गरिबिको रेखा मुनी रहेका विपन्न घरपरिवारलाई इन्डक्सन चुलो वितरण र विद्युतीय पूर्वाधार सुधारमा सहयोग गरी महानगरपालिकाको प्रथम पञ्चवर्षीय नगर ऊर्जा योजनाले निर्दिष्ट गरेका उद्देश्यहरू प्राप्तिको दिशामा योगदान गर्ने, संयुक्त रूपमा जलवायु वित्त र जलवायु न्याय कोषको खोजी गरी विपन्न समुदायलाई सहयोग गर्ने लगायत उद्देश्यले समझदारी गरिएको नगर प्रमुख आचार्यले बताउनुभयो। महानगर क्षेत्रमा रहेका तालहरूको सरसफाइ र जलकुम्भी लगायत झारहरूको व्यवस्थापन, जलकुम्भीबाट हस्तकला उत्पादन र सिप विकास, गण्डकी बहु प्राविधिक शिक्षालयका विद्यार्थीका लागि इन्टर्नसिप र प्रशिक्षण, विपन्न घरपरिवारलाई इन्डक्सन चुलो वितरण र नेपाल विद्युत् प्राधिकरणसँगको समन्वयमा विद्युतीय पूर्वाधार सुधारको क्षेत्रमा समन्वयात्मक ढङ्गले परियोजना सञ्चालन हुने लक्ष्मी ग्रुपका अध्यक्ष श्रेष्ठले बताउनुभयो। यसका लागि लक्ष्मी ग्रुपले देश तथा विदेशबाट अत्याधुनिक प्रविधि भित्र्याउने, ताल सरसफाइ र जलकुम्भी प्रशोधनका लागि आवश्यक वित्तीय स्रोत, उपकरण, प्राविधिक, विज्ञ परामर्शदाता, जनशक्ति लगायतको व्यवस्थापन, हस्तकलाका सामाग्रीहरू उत्पादन तथा प्रशोधनका लागि आवश्यक तालिम तथा प्रशिक्षण र विपन्न परिवारहरूलाई विद्युतीय चुल्हो वितरण गर्नेछ। परियोजना परीक्षण काल ६ महिना सहित ५ पाँच वर्षसम्म सञ्चालन हुनेछ। परियोजनाको प्राविधिक गुणस्तर तोकिएको मापदण्ड अनुसार नियमित अनुगमन र मूल्याङ्कन गरिनेछ। पहिलो चरणमा पाइलट परियोजना ६ महिनाभित्र मूल्याङ्कन गरी त्यसको प्रभावकारीताका आधारमा पोखराको फेवाताल लगायत अन्य तालहरूमा परियोजना क्रमशः विस्तार गर्दै लगिने आचार्यले बताउनुभयो।

परियोजना मार्फत पोखरामा रहेका तालहरूको दिगो संरक्षण र विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास गरिएको छ भने, तालहरूमा देखिने फोहोर र प्रदूषणको समस्या समाधान हुनेछ। स्थानीय समुदायको आर्थिक सशक्तीकरण, आयआर्जन र जीविकोपार्जनमा उल्लेखनीय सुधार गर्दै विपन्न परिवारलाई विद्युतीय चुल्हो वितरण गरी वातावरण तथा पर्यावरणीय सन्तुलन मार्फत पोखरा महानगरपालिकाको प्रथम पञ्चवर्षीय नगर ऊर्जा योजना कार्यान्वयनमा सहयोग पुग्नेछ।

## जोखिमपूर्ण यात्रा नगर्न नगराउन होटल संघ गण्डकीको अपिल

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

होटल संघ नेपाल गण्डकीले होचो उचाइबाट छोटो अवधिमा नै पर्यटकलाई हिमाली क्षेत्रमा पुर्‍याउने गरी यात्रामा संलग्न नगराउन सरोकारवाला समक्ष अपिल गरेको छ। खासगरी नेपालको सिमावर्ती तराई क्षेत्रबाट एकै दिनमा अन्नपूर्ण क्षेत्रका अग्ला गन्तव्यसम्म पर्यटकलाई पुर्‍याउँदा लेक लाग्ने लगायतका जोखिम बढेको संघले विहिबार विज्ञप्ति जारी गरी जनाएको छ।

संघका गण्डकी अध्यक्ष हरिप्रसाद शर्मा गैह्रेले जारी गरेको विज्ञप्तिमा पर्यटकलाई आराम गर्दै वातानुकूल (एक्लम्टाइज) हुँदै यात्रा गर्ने वातावरणका लागि सम्वन्धित ट्राभल एजेन्सी, टुर अपरेटर र सरोकारवालाहरुसमक्ष अपिल गरिएको छ। थप भनिएको छ- 'आफ्नै सवारी लिएर सानो समूहमा यात्रा गर्ने पर्यटकलाई समेत यस्तो जोखिमपूर्ण यात्रा प्रवृत्ति नअपनाउन हामी सुझाव दिन चाहन्छौं। यस्तो जोखिमपूर्ण प्रवृत्तिलाई न्यूनिकरण गर्न सरकार ीस्तरबाट समेत आबश्यक पहल अगाडि बढाउन हाम्रो अनुरोध छ। यसले पर्यटकको सुरक्षाका अतिरिक्त पोखरामा पर्यटकको बसाई अवधि लम्ब्याउन समेत मद्दत पुग्ने छ।'

पर्यटनको राजधानी पोखरा हुँदै दैनिक हजारौं पर्यटक विभिन्न ठाउँमा आउने जाने गर्छन्। पर्यटनको सन्दर्भमा मानव स्वास्थ्य र सुरक्षाको पाटो महत्वपूर्ण हुने विषय पनि स्मरण गराइएको छ। तर पछिल्ला दिनमा नेपालको दक्षिण सिमावर्ती क्षेत्र र तराइबाट पोखरा हुँदै एकै दिनमा मुक्तिनाथ पुगेर पोखरा फर्कने पर्यटकहरुको ठूलै संख्या भेटिन थालेको विषय संघले उठाएको छ। भनिएको छ- होटल संघ नेपाल, गण्डकी यस्तो प्रवृत्तिलाई प्रोत्साहन गरिनु हुन्न भन्ने पक्षमा रहेको छ। समुन्द्र सतहबाट एक सय मिटर हाराहारीको उचाई रहेको तराई क्षेत्रबाट आठ सय मिटर उचाईको पोखरा उक्लिएर उही दिन ३७१० मिटर उचाईको मुक्तिनाथ क्षेत्र पुग्नु मानव स्वास्थ्यको लागि निकै नकारात्मक कुरा हो। होचो उचाईबाट एकै दिन एकतर्फी साडे तीन सय किलोमिटर भन्दा लामो अनि उचाईतिरको यात्रा पर्यटकका लागि अत्यन्त खतरनाक धपेडीपूर्ण मात्र नभई बर्खा यामको रात्री कुँदाई अन्यन्त जोखिमयुक्त पनि हुन सक्ने भयो।

यस्तो कार्यले एकातिर पर्यटकलाई लेक लागेर ज्यानै जान सक्ने जोखिम बढाएको छ भने अर्कातिर पर्यटन क्षेत्रप्रति अन्तर्राष्ट्रिय रुपमा नकारात्मक सन्देश जाने खतरातर्फ पनि संघले सचेत गराएको छ। एक तथ्यांक अनुसार गत आर्थिक वर्षमा अन्नपूर्ण संरक्षण क्षेत्रका विभिन्न गन्तव्यमा १८ पर्यटकको लेक लागेर मृत्यु भएको थियो। मृत्यु हुनेमा छ नेपालीसहित आठ भारतीय, अमेरिका, जर्मन, कोरिया र स्वीजरल्याण्डका एक एकजना नागरिक रहेको तथ्यांक अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले बाहिर ल्याएको छ।

यस्तै जिल्ला प्रहरी कार्यालय मुस्ताङको तथ्याङ्कमा उक्त जिल्लामा मात्र बि.स २०८१ सालमा लेक लागेर ज्यान गुमाउनेहरूमा ८ जना भारतीय, २ जना नेपाली र १ जना अमेरिकी नागरिक रहेका छन्। यसरी ज्यान गुमाउनेहरु पनि भारतीय पर्यटककै संख्या बढी रहन गएको छ। केही दिन अघि काठमाडौंबाट हेलिकोप्टरमा सिधै सगरमाथा क्षेत्र पुगेका एक अष्ट्रेलियाली पर्यटकलाई लेक लागेपछि काठमाडौं फर्काइएको अर्को उदाहरण पनि छ।

## मालपोत कार्यालय स्याङ्जाको राजश्वमा गिरावट

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ साउन

मालपोत कार्यालय स्याङ्जाले संकलन गर्ने राजश्वमा गिरावट आएको छ। कित्ताकाट र जग्गा वर्गिकरण रोकिदा अघिल्लो वर्षको तुलनामा घरजग्गा कारोबारमा आएको कमिले पछिल्लो आर्थिक वर्ष २०८१/०८२ मा संकलित राजश्वमा गिरावट आएको हो।

आर्थिक वर्ष २०८१/०८२ मा पाँच करोड २७ लाख ९१ हजार ९२६ रुपैयाँ संकलन गरेको कार्यालयले अघिल्लो वर्ष पाँच करोड ८० लाख ९३ हजार ८२१ रुपैयाँ राजश्व संकलन गरेको थियो। अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्षको राजश्वमा ५३ लाख एक हजार ८९५ रुपैयाँ गिरावट आएको छ। कार्यालयले पछिल्लो वर्ष पुँजीगत लाभकरतर्फ एक करोड ६६ लाख २६ हजार ४३२, घरजग्गा रजिष्ट्रेशनमा दुई करोड ७६ लाख २७ हजार ७३७ रुपैयाँ राजश्व संकलन गरेको छ। प्रशासनिक दण्ड जरिवाना र न्यायिक दस्तुरमा १३ लाख २२ हजार ३५५ संकलन गरेको कार्यालयले सेवा शुल्क र रोक्का दस्तुरमा ७२ लाख १५ हजार ४०२ रुपैयाँ राजश्व संकलन गरेको छ।

पछिल्लो वर्ष लाभकरतर्फ ५७ लाख दुई हजार ६४२, रजिष्ट्रशनमा चार लाख ५१ हजार ५८८ र जरिवाना र न्यायिक दस्तुरमा चार लाख ७ हजार २३९ रुपैयाँ राजश्व संकलनमा गिरावट आउँदा सेवा शुल्क र रोक्का दस्तुर तर्फ भने १४ लाख २३ हजार ७४७ रुपैयाँ बृद्धि भएको मालपोत प्रमुख बालप्रसाद श्रेष्ठले जानकारी दिए। राजश्व संकलनमा गिरावट आएसँगै अघिल्लो वर्ष घरजग्गाको रजिष्ट्रेशनतर्फ एक हजार ७ धितो बन्धक र ९४५ लिखत पास भएकोमा पछिल्लो वर्ष कारोबारमा समेत कमि आएर धितो बन्धक ९९९ र लिखत पास ९०७ भएको छ।

घरजग्गा रजिष्ट्रेशनमा उठेको दुई करोड ७६ लाख २७ हजार ७३७ रुपैयाँ राजश्व मध्ये ६० प्रतिशत अर्थात एक करोड ६४ लाख १० हजार ८७५ रुपैयाँ सिफारिस गर्ने पालिकामा फिर्ता भएको छ। रजिष्ट्रेशन दस्तुरतर्फ बाँकी रहेको ४० प्रतिशत रकम प्रदेश सरकारमा गएको मालपोत कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार विगदेखि कित्ताकाट नहुँदा, जग्गा वर्गिकरण हुन नसक्दा राजश्व संकलनमा गिरावट आएको हो। जिल्लाका ११ पालिका मध्ये अधिकांशले जग्गाको वर्गिकरण गरेर पूर्नमुल्याङ्क गरेका छैनन् भने धेरै पालिकाले सडक निर्माण गरेरपनि २०६० देखि हाल साविक (अपडेट) नगर्दा राज्यलाई करोडौ मुल्य बराबरको राजश्व गुमेको छ।

## हिमनदी पग्लने क्रम रोक्न मिलेर काम गर्न विश्व समुदायलाई प्रधानमन्त्रीको आग्रह

**राසस**
काठमाडौं, २२ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले हिमनदी पग्लने गतिलाई कम गर्न सँगै मिलेर काम गर्न विश्व समुदायलाई आग्रह गर्नुभएको छ।

हिमनदी पग्लँदा भूपरिवेष्टित विकासशील राष्ट्रहरूलाई पार्ने जलवायु परिवर्तनको असरसम्बन्धी 'साइड इभेन्ट'लाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले ठोस कार्यहरूद्वारा हाम्रा हिमालयलाई बचाउन सकिने बताउनुभयो। "हिमालका आवाजहरु पग्लने बरफमुनि मरेर नजाओस्। हिमालको रक्षाका लागि सँगै काम गर्न, नेतृत्व गर्न र साझेदारी गर्न नेपाल तयार छ। हाम्रा कदमले जलवायु न्यायमा काम गर्न विश्व समुदायलाई प्रेरित गर्न सकोस्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हिमालय अर्बौं मानिसहरूको जीवन र जीविकोपार्जनको स्रोत मात्र होइन, यो हाम्रो पहिचान, राष्ट्रिय गौरव, हाम्रो वर्तमान र भविष्य हो। यसका साथै हिमालय र




महासागरहरूलाई एकअर्कामा रिचार्ज गर्ने माध्यम पनि हो।"

प्रधानमन्त्री ओलीले पृथ्वीको कुलिङ सेन्टरका रुपमा रहेका हिमाललाई लोप हुन नदिने प्रयास नेपालको चाहनाले मात्र नभई कार्बन उत्सर्जन गर्ने मुलुकहरुलेसमेत गम्भीरता प्रदर्शन गरेमा मात्रै पूरा हुने स्पष्ट गर्नुभयो। उहाँले हिमनदी पग्लने समस्या नेपालजस्ता देशका लागि मात्र वातावरणीय चिन्ताको विषय नभई यो हाम्रो विकास, सुरक्षा र अस्तित्वको मुटुमा प्रहार गर्ने निरन्तर खतरा भएकाले यसको रक्षा अत्यावश्यक भएको बताउनुभयो। "नेपाल हिमनदी ताल फुट्ने बाढीको विनाशको सिकार भइसकेको छ। हिमनदी ताल फुटेर नेपाल र चीनको नाका रसुवागढीमा विनाशकारी बाढीका कारण मानवीय र भौतिक क्षति भयो। यस्ता जलवायुजन्य विपत्तिहरू बारम्बार भइरहेका छन्। भविष्यमा पनि यस्ता खतरा उत्पन्न हुन सक्छन्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "यसका कारण हाम्रो कृषि, जलविद्युत्, पर्यटन र जैविक विविधतामा जोखिम बढ्दो छ। यी खतराहरू हाम्रो राष्ट्रिय सीमाभन्दा बाहिर फैलिएका छन्। हाम्रो भविष्यलाई जोखिममा पार्न सक्छन्। त्यसैले यसमा विश्व साझेदारी आवश्यक छ, नेपाल त्यो साझेदारी बढाउन तप्पर छ।"

## एउटै पालिकाका दुई हजार ४३८ घर बाढीपहिरोको जोखिममा

**रासस**
बागलुङ, २२ साउन

बागलुङको निसीखोला गाउँपालिकामा दुई हजार ४३८ घर बाढीपहिरोको जोखिममा परेका छन्। भिरालो स्थान, खोला नजिक र सडक छेउका घर जोखिममा परेसँगै १३ हजार ५९७ जना स्थानीय प्रभावित बनेका हुन्।

सात वटा वडा रहेको निसीखोलामा सबैभन्दा बढी वडा नं १ बाढीपहिरोको जोखिममा परेको छ। यस वडामा मात्रै नौ सय २० घर पहिरोको जोखिममा परेका छन् भने हुल्दी, लेबाङ किटेनी, स्वाँरालगायत बस्ती पहिरोको जोखिममा परेका गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्ती मगरले जानकारी दिनुभयो।

विसं २०७४ यता गाउँमा धेरै पहिरो जाने गरेको स्थानीय बताउँछन्। गाउँपालिकाको तथ्याङ्क अनुसार वडा नं २ मा दुई सय सात, वडा नं ३ मा एक सय ४०, वडा नं ४ मा चार सय,


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## विपक्षी दलले भने- 'राजनीतिक दल स्वमूल्याङ्कन कार्यविधि' स्वीकार्य छैन

**रासस**
काठमाडौं, २२ साउन

प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)सहितका विपक्षी दलहरुले 'राजनीतिक दल स्वमूल्याङ्कन कार्यविधि, २०८२' बहुदलीय लोकतन्त्रको बर्खिलाप गर्ने उद्देश्यबाट प्रेरित रहेको जनाउँदै उक्त कार्यविधि स्वीकार्य नभएको स्पष्ट पारेका छन्।

निर्वाचन आयोगले मस्यौदा गरेको सो कार्यविधि सम्बन्धमा साझा धारणा व्यक्त गर्दै उनीहरुले राजनीतिक दलको स्वतन्त्रता, लोकतान्त्रिक मूल्य र संवैधानिक मर्यादामाथि प्रत्यक्ष असर पार्ने गरी प्रस्ताव गरिएको उक्त कार्यविधि संविधान र राजनीतिक दलसम्बन्धी ऐनको मर्म विपरीत रहेको स्पष्ट पारेका हुन्। "सङ्घीय कानुन दुरुपयोग गर्दै प्रत्यायोजित विधायनको नाममा छुट्टै ऐनजस्तै कानुन मस्यौदा गरेर आयोगले सङ्घीय संसद्को क्षेत्राधिकार अतिक्रमण गर्ने प्रयास गरेको हुँदा यसप्रति स्पष्ट असहमति तथा विरोध छ। हामी राजनीतिक


**बाँकी अन्तिम पृष्ठमा ▶▶**

# सामाजिक विकास कार्यालयद्वारा ५५ आयोजना सम्पन्न

पोखरापत्र संवाददाता
दमौली, २२ साउन

सामाजिक विकास कार्यालय तनहुँले आर्थिक वर्ष २०८१/८२ मा पुँजीगततर्फ ५५ वटा आयोजना सम्पन्न गरेको छ । कार्यालयले जिल्लाका विभिन्न ठाउँमा गुम्बा, मठमन्दिर, विद्यालय भवन, आमा समूह भवन, खेलमैदानलगायत पूर्वाधार निर्माण गरेको हो ।

पुँजीगततर्फ रु तीन करोड ८१ लाख ५० हजार बजेट विनियोजन भएकामा रु तीन करोड १३ लाख २५ हजार ५८४ खर्च भएको कार्यालय प्रमुख विदुरहरि आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार भानु नगरपालिका-११ स्थित मानेचौका छेदेन कर्मा छेलिङ गुम्बा निर्माण तथा संरक्षणका लागि रु पाँच लाख बजेट विनियोजन भएकामा रु चार लाख ८९ हजार एक सय ९६ खर्च भएको छ ।

उक्त रकमबाट गुम्बा स्तरोन्नति, तला थप तथा रेलिङ निर्माण गरिएको हो । व्यास नगरपालिका-१ स्थित राधाकृष्ण मन्दिर निर्माणका लागि रु दश लाख, शुक्लागण्डकी नगरपालिका-१ स्थित ज्वालादेवी आमा समूह भवनका लागि रु पाँच लाख, भानु-१० स्थित गुरुङ सामुदायिक भवन निर्माण गर्न रु पाँच लाख, भानु-३ स्थित साँखुली सामुदायिक बहुउद्देश्यीय भवन मर्मत गर्न रु पाँच लाख र देवघाट गाउँपालिका-५ स्थित गलेश्वर आश्रममा कम्पाउण्ड निर्माणका लागि रु दश लाख बजेट विनियोजन भएको प्रमुख आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार शुक्लागण्डकी नगरपालिका-५ स्थित दरगाउँ गुरुङ समाज भवन गर्न रु पाँच लाख, देवघाट-५ स्थित बद्रीनारायण मन्दिर रामानुज पिठ मर्मतका लागि रु पाँच लाख, शुक्लागण्डकी-२ स्थित किराखोर खेलमैदान निर्माण गर्न रु दश लाख, भिमाद नगरपालिका-५ स्थित राममन्दिर टोल वृद्धाश्रमका लागि रु दश लाख विनियोजन भएकामा रु नौ लाख ९२ हजार ८०५ खर्च भएको छ ।

कार्यालयले सोही अवधिमा चालुतर्फ ९२ दशमलव ५० प्रतिशत बजेट खर्च भएको जनाएको छ । चालुतर्फ रु एक करोड ८७ लाख ५० हजार विनियोजन भएकामा रु एक करोड ४८ लाख ६० हजार ५०८ खर्च भएको प्रमुख आचार्यले बताउनुभयो ।




# एउटै पालिका ...

वडा नं ५ मा एक सय ७०, वडा नं ६ मा ३१ र वडा नं ७ मा पाँच सय ७० घर पहिरोको जोखिममा छन् ।

पहिरोले गाउँनै चिराचिरा परेपछि बर्खाको समय जोखिम मोलेर बस्नु परेको निसीखोला-१ हुल्दीकी हुमकुमारी मल्लले बताउनुभयो । गाउँको बीचमा एउटा ठूलो पहिरो रहेको भन्दै उक्त पहिरो दशकौँ अगाडिदेखि निरन्तर बग्ने गरेको उहाँको भनाइ छ । आठ वर्ष अगाडिसम्म उक्त पहिरोले गाउँमा ठूलो क्षति नपुऱ्याएको बताउँदै विसं २०७५ देखि त्यसको असले गर्दा गाउँका विभिन्न स्थानमा जमिन भासिने र चिरिने गरेको मल्लले जानकारी दिनुभयो । "हामीहरू पहिरोका कारण ज्यान कसरी बचाउने भन्ने चिन्तामा छौँ, हिउँदको समय घरमा सुखले बस्छौँ, बर्खाको समयमा ठूलो वर्षा हुने वित्तिकै गाउँ छोडेर भाग्नुपर्छ", मल्लले भन्नुभयो - "गाउँभन्दामाथि दह भन्ने छ, त्यहाँ गाईभैँसी गोठ छन्, त्यही गएर बस्ने गर्छौं, गाउँपालिकामा धेरै पटक समस्याबारे जानकारी गरायौँ, केन्द्र र प्रदेश सरकारलाई पनि जानकारी गराएका छौँ, अहिलेसम्म हाम्रो समस्या समाधानका लागि कुनै सम्बोधन भएको छैन ।"

निसीखोला-२ का पदमबहादुर विकले गाउँमा बाहेक अरु ठाउँमा जग्गा जमिन नहुँदा जोखिममा बस्नु परेको बताउनुभयो । ठूलो पानी पऱ्यो भने सबै सरसामान बोकेर घर बाहिर निस्कने गरेको उहाँको भनाइ छ । हुने खाने बसाइँसराइ सरेर तराईतिर झरेका भन्दै उहाँले आर्थिक अवस्था कमजोर भएका गाउँमै बसेका बताउनुभयो । सरोकार भएका निकायलाई गाउँको समस्याका बारेमा पटकपटक जानकारी गराए पनि अहिलेसम्म सुनुवाइ नभएको उहाँले गुनासो पोख्नुभयो । निसीखोला गाउँपालिकाका अध्यक्ष मगरले जोखिममा रहेका बस्ती स्थान्तरणका लागि केन्द्र र प्रदेश सरकारसँग माग गरिरहेको बताउनुभयो । जनता आवास कार्यक्रमअन्तर्गत केही नागरिकलाई सुरक्षित स्थानमा सारेर घर निर्माण गरिएको उहाँले जानकारी दिनुभयो । अप्ठ्यारो भूगोलका कारण हरेक वर्ष बाढीपहिरोबाट यहाँका नागरिकले दुःख पाउँदै आएका उल्लेख गर्दै अध्यक्ष मगरले त्यसको दीर्घकालीन समाधानका लागि गाउँपालिकाले योजना बनाइरहेको बताउनुभयो ।

# एक-अर्काको ...

दललाई यो कार्यविधि कुनै हालतमा स्वीकार्य छैन", विभिन्न १० विपक्षी दलद्वारा संयुक्तरुपमा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

कार्यविधिको मस्यौदामा आयोगको प्रशासनिक नेतृत्वले 'राजनीतिक दलको मूल्याङ्कन, सञ्चालन, रेखदेख र निर्देशन गर्ने' प्रस्तावले दलको स्वतन्त्रता कुण्ठित गर्दै दलहरूलाई प्रतिस्पर्धाबाट वञ्चित गर्नेसम्मको खतरा उत्पन्न हुने विज्ञप्तिमा जनाइएको छ । "मस्यौदाले प्रत्यायोजित विधायनको आधार भूत सिद्धान्तविपरीत, दलको अधिकार नियन्त्रित शैलीमा कटौती गरेर, सङ्घीय संसद् को अधिकार आफैँ प्रयोग गर्ने विधिशास्त्रीय सिद्धान्त प्रतिकूल प्रयास गरेको भएकाले प्रारम्भिक दृष्टिमै गलत मनसायसहित आएको हाम्रो ठहर छ", विज्ञप्तिमा भनिएको छ, "कार्यविधिले शक्ति पृथकीकरण, जनताको सार्वभौमिकता र राजनीतिक दलको आन्तरिक स्वतन्त्रतामाथि गम्भीर प्रश्न खडा गरेको छ ।" राजनीतिक दलको मूल्याङ्कन र अनुगमन जनताले निर्वाचनमार्फत गर्ने जनाउँदै विपक्षी दलहरुले संवैधानिक निकायले प्रशासनिक आदेशमार्फत दलको मूल्याङ्कन गर्न नमिल्ने टिप्पणी गरेका छन् ।

आयोगले उपलब्ध गराएको कार्यविधिको मस्यौदाले दलहरूको संवैधानिक अस्तित्व र स्वतन्त्रतालाइ कुण्ठित गर्ने प्रयास गरेको उनीहरुको भनाइ छ । विपक्षी दलहरुले कार्यविधिको मस्यौदालाई अघि बढाउने कार्य तुरुन्त रोकी संविधान, विद्यमान कानुन, लोकतान्त्रिक मूल्य र विधिको शासनको सम्मान गर्न आयोगको ध्यानाकर्षण गराएका छन् ।

विज्ञप्तिमा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल, नागरिक उन्मुक्ति पार्टी र आम जनता पार्टीका अध्यक्ष तथा पदाधिकारीको हस्ताक्षर छ ।

## पुतलीबजार नगरपालिका
## नगर कार्यपालिकको कार्यालय
### प्रगतिनगर, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

## ठेक्का आवहानको सूचना

पहिलो पटक प्रकाशित मितिः२०८२/०४/२३

१. पुतलीबजार नगरपालिका, प्रगतिनगर, स्याङ्जाले तपसिल वमोजिमका खरिद कार्यहरु अगाडी बढाउन योग्य बोलपत्रदाताहरुबाट इलेक्ट्रोनिक माध्यमबाट ठेक्का आव्हान गरेको छ ।
२. इलेक्ट्रोनिक माध्यमबाट आफ्नो ठेक्का पेश गर्न चाहने योग्य बोलपत्रदाताले www.bolpatra.gov.np.egp मा गई आवश्यक कागजात हेर्न, डाउनलोड गर्न र पेश गर्न सक्नुहुनेछ । ठेक्का कागजात खरिदका लागि नेपाल बैंकको राजस्व खाता नः ०७२०३००००१००१००००१ मा रकम रु.३००० दाखिला गर्न सक्नुहुनेछ । ठेक्काको लागि बोलपत्र जमानत बैंक मार्फत दाखिला गर्न चाहने बोलपत्रदाताले नेपाल बैंकको धरौटी खाता नः Ga-३-० ०७२०३०००००३००००००००१ मा जम्मा गर्न सक्नुहुनेछ ।
३. सम्पूर्ण खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ ।

| क्र.स | ठेक्का नं | ठेक्काको विवरण | लागत अनुमान (भ्याट, पि.एस बाहेक) | जमानत रकम | ठेक्का बुझाउने अन्तिम मिति | ठेक्का जमानत म्याद |
|---|---|---|---|---|---|---|
| १ | 01/PM/NCB/ WORKS/082/83 | Ward No 11 Jadkhola GairiJagar Dhungedhara Jhaurikuna Aapko Botsammako Sadak Staronnati Karya | २१२७६५३.१८ | ५३००० | २०८२/०५/२२, १२:०० | सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम |
| २ | 02/PM/NCB/ WORKS/082/83 | Samagrichok Indres Raniswara Nuwakot Motarbato Staronnati | ६४०५४५१.७६ | १६१००० | | |
| ३ | 03/PM/NCB/ WORKS/082/83 | Karendanda Ghumaune Chautara Hundai Ghaderi jane Sadak | ३४२२६९१.५९ | ८६००० | | |
| ४ | 04/PM/NCB/ WORKS/082/83 | Mayatari Pokharichaur Belbas Sadak Staronnati | १२८०९३७०.१३ | ३२१००० | | |
| ५ | 05/PM/NCB/ WORKS/082/83 | Putalibazar Nagarpalika Bhitraka Sadakharu Nirman tatha Staronnati Karya (Package 3) | ६८४४३२०.०४ | १७२००० | | |
| ६ | 06/PM/NCB/ WORKS/082/83 | Ringdi-Syaldhunga kulo tatha Sinchai Sanraxyan Aayojana, Putalibazar 13 | २५६०११४.०८ | ६४००० | | |
| ७ | 07/PM/NCB/ WORKS/082/83 | Putalibazar Nagarpalika Bhitraka Sadakharu Nirman tatha Staronnati Karya (Package 2) | ११२८९८४७.०३ | २८३००० | | |
| ८ | 08/PM/NCB/ WORKS/082/83 | Ward No 13 Sthit Satupasal Birta Gairipokhari Hirapata Saunepani Daraupari Kalika School samma Sadak Staronnati Karya | २१०४९१३.८७ | ५३००० | | |
| ९ | 09/PM/NCB/ WORKS/082/83 | Putalibazar Nagarpalika Bhitraka Sadakharu Nirman tatha Staronnati Karya (Package 1) | १२३२८५६६.३० | ३१०००० | | |
| १० | 10/PM/NCB/ WORKS/082/83 | Ward No 5 Pauwegaude antargat Syanisuwari upallo Padhero Swidanda Sadak Staronnati | २११७६३८.१७ | ५३००० | | |
| ११ | 11/PM/NCB/ GOODS/082/83 | Procurement of Medicines and Medical Accessories for Putalibazar Nagarpalika | २८१५३९५.७४ | ८०००० | | |

**प्रमुख प्रशासकीय अधिकृत**

## शिक्षक आवश्यकता

**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय** पोखरा-१४, कास्कीका लागि निम्न लिखित रिक्त पदमा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०४/२२ गतेको निर्णय अनुसार करार आंशिक सेवामा शिक्षक नियुक्त गर्न आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरिकले यही मिति २०८२ भदौ ६ गते अपरान्ह ४ बजेभित्र आफ्ना सम्पूर्ण शैक्षिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र सहित अन्य आवश्यक कागजातका प्रतिलिपि संलग्न गरी आफ्नै हस्ताक्षरमा दरखास्त लेखी यस विद्यालयमा बुझाउनुहुन अनुरोध छ ।

| क्र.स. | पद | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | मा.वि. शिक्षक | कम्प्यूटर विज्ञान | १ | सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण |

**परीक्षा दस्तुर** : १५००|-
**परीक्षा किसिम** : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**सम्पर्क मिति** : २०८२ साल भदौ ६ गते ।
**सेवा सुविधा** : विद्यालयको नियमानुसार
**अध्यापन अनुमति पत्र सम्बन्धमा** : अध्यापन अनुमति पत्र भएकोलाई प्रथामिकता दिइनेछ ।
**उमेर हद** : दरखास्त बुझाउने अन्तिम मितिसम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्नेछ ।
परीक्षा दस्तुर वापतको रकम राष्ट्रिय बाणीज्य बैक अमरसिंह चोकको बिद्यालयको नाममा रहेको खाता नं ३४८०१०००१०७१३००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाईन पेमेन्ट भौचर निवेदन सहित संलग्न गर्नुपर्नेछ ।

**विस्तृत जानकारीका लागि सम्पर्कः**
**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा-१४, कास्की**
**सम्पर्क नं.: ९८५६०७५३९९, ९८६६०१०४३६**

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८२।०४।२२

कास्की जिल्ला मौजे घार्मी १ नं. का जि.मु. सीवलालको हरिकृष्ण पाध्या जिम्मा साविक १९९१ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम मोठ नं. १६४ द्र.नं. ४४ पशुपति जैसीको नाउँमा साबिक दर्ता भएको २०३२ सालसम्मको तिरो पसुपती पौडेलबाट तिरेको, भु.सु. ७ नं. फाराममा लीलानाथ पाध्याबाट लगत दिएको सर्भे नापीमा लामाचौर १ को कि.नं. ५७० क्षे.फ. ३-०-३-३ विरहमा खर किसिममा चाहार भएको १ कित्ता जग्गा फिल्डबुकमा लिलानाथ पाध्या र पशुपती पौडेलको नाउँमा कायम भएको कि. का. भई दर्ता छुट हुन गएको, लिलानाथ पौडेलको मिति २०६३।०६।१५ मा मृत्यु भएको मृतक लिलानाथ तर्फ नजिकको हकदार एकमात्र श्रीमती टेकमाया पौडेल निवेदक रहेको, पशुपति पौडेलको मिति २०४३।१२।१५ मा मृत्यु भएको मृतकको एकमात्र श्रीमती देबका पौडेल २०२१ सालदेखि बेपत्ता भएको पशुपति र देवकाबाट एकमात्र सन्तान छोरा हुतराज पौडेलको जायजन्म भएको पशुपति तर्फ नजिकको हकदार हुतराज पौडेल निवेदक रहेको भनि पोखरा म.न.पा. वडा नं. १९ को च.नं. ६५० मिति २०८१।०५।०२ को वडा सिफारिसबाट खुली आएकोले हामीले नै भोगचलन गर्दै आईरहेको उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला साविक लामाचौर ८ हाल पोखरा म.न.पा. वडा नं. १९ बस्ने टेकमाया पौडल र हुतराज पौडेलले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्बजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. /न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | लामाचौर | १ | ५७० | ३-०-३-३ | खर | चाहार | लिलानाथ पाध्या र पशुपती पौडेल |

ईति संवत २०८२ साल साउन २२ गते रोज ५ शुभम् ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशिल मिति २०८२।०४।२२

कास्की जिल्ला मौजे घार्मी १/१ नं. का जि.मु. सीबलालको श्रीकृष्ण पाध्या जिम्मा साविक १९९१ सालको पाखो तर्फको मोठ लगत उत्तार बमोजिम मोठ नं. ६४ द्र.नं. १९ छविलाल पाध्याको गाउँमा साविक दर्ता भएको २०३१ सालसम्मको तिरो छबिलाल पाध्याबाट तिरेको, भु.सु. ७ नं. फाराममा छविलाल पाध्याबाट लगत दिएको सर्भे नापीमा लामाचौर १ को कि.नं. २७९ क्षे.फ. ५-१३-२-१ विरहमा खर किसिममा चाहार भएको १ कित्ता जग्गा फिल्डबुकमा छबिलाल पाध्याको नाउँमा कायम भएको कि.का, भई दर्ता छुट हुन गएको, छबिलाल पाध्याको मिति २०४७।१०।१९ मा मृत्यु भएको मृतकको एकमात्र श्रीमती जसोदा पौडेलको मिति २०५७।०४।२८ मा मृत्यु भएको मृतक दम्पतिका नजिकका हकदारमा छ भाइ छोरा जेठा तोयनाथ पौडेल, माइला हरि प्रसाद पौडेल, साईला खेमराज पौडेल, काइला हरि प्रसाद पौडेल, ठुलो कान्छा कृष्ण प्रसाद पौडेल र कान्छा रामचन्द्र पौडेल रहेकोमा निजहरुविच बाबु आमा जिबित छँदैमा मिति २०४४ सालमा अंशवण्डा भएको बण्डाको क्रममा चार भाइले दर्ता खुलेको बखत दर्ता गरि खानु भनी कित्ता नं. २७९ क्षेत्रफल ५-१३-२-१ को जग्गा काईला छोरा हरि प्रसाद पौडेल र कान्छा छोरा रामचन्द्र पौडेलको अंश भागमा परेको भनि पोखरा म.न.पा. बडा नं. १९ को च.नं. ८३९ मिति २०८१।०५।१६ को वडा सिफारिस लगायतका कागजात बाट खुली आएको र तोयनाथ पौडेल, स्व. खेमराज पौडेलको श्रीमती लिलावती पौडेल, माईला हरी प्रसाद पौडेल र स्व. कृष्ण प्रसाद पौडेलको श्रीमती सिता देवी पौडेलले मालपोत कार्यालय कास्कीमा आई हकदावी छोडपत्र समेत गरेकोले हानीले नै भोगचलन गर्दै आईरहेको उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला साबिक लामाचौर ९ हाल पोखरा म.न.पा. वडा नं. १९ बस्ने काईला हरि प्रसाद पौडल र कान्छा रामचन्द्र पौडेलले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सखुद प्रमाण सहित दाबी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. /न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | लामाचौर | १ | २७९ | ५-१३-२-१ | खर | चाहार | छविलाल पाध्या |

ईति संवत २०८२ साल साउन २२ गते रोज ५ शुभम् ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# निजी क्षेत्रको सामाजिक उत्तरदायित्व

निजी क्षेत्रको सामाजिक उत्तरदायित्व हुन्छ । ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धनका लागि निजी क्षेत्रले पुऱ्याउने सहयोग सामाजिक हितमा हुन्छ। समाजले हुर्काएका निजी क्षेत्रको कर्तव्य आफुलाई अघि बढाउन प्रेरित गर्नेलाई सहयोग गर्ने चाहना भए पनि कानुनी र सामाजिक बन्धनले सिमा तोकेको छ। पोखराका निजी क्षेत्र नाफा कमाउने मात्र होइन सामाजिक उत्तरदायित्व वहन गर्न सहयोग गर्न अग्रसर हुन्छन । पोखराका निजी क्षेत्रमा समाजलाई केही योगदान पुर्याउन पछि परेका छेनन् । पोखरा महानगरपालिका र लक्ष्मी ग्रुप फाउण्डेशन (लक्ष्मी ग्रुप) बीच वातावरण तथा पर्यावरण संरक्षणसँगै महानगर क्षेत्रका तालहरूको सरसफाइ एवं रोजगारी सिर्जनासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरिएको छ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र लक्ष्मी ग्रुपका अध्यक्ष गणेशबहादुर क्षेष्ठले एक समारोहका बीच बिहीबार समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । तालको दिगो संरक्षण, पर्यावरणीय सन्तुलन, पर्यटन उद्योग र स्थानीय समुदायको आर्थिक सशक्तीकरणका लागि सीपमूलक तालिम र रोजगारीका अवसर सिर्जनामा योगदान गर्ने गरी परियोजना सञ्चालन गर्न लागिएको महानगर प्रमुख आचार्यको जिकिर छ । समझदारी पत्रमा गण्डकी बहुप्राविधिक शिक्षालयका विद्यार्थीलाई इन्टर्नसिप र व्यावसायिक प्रशिक्षण प्रदान गरी रोजगार र उद्यमशीलतातर्फ आकर्षित गर्ने, पोखरा महानगरपालिकामा रहेका विपन्न परिवारलाई इन्डक्सन चुलो वितरण र विद्युतीय पूर्वाधार सुधारमा सहयोग गरिने उल्लेख छ।

लक्ष्मी ग्रुपका अध्यक्ष श्रेष्ठले महानगर क्षेत्रमा रहेका तालको सरसफाइ र जलकुम्भीलगायत झारको व्यवस्थापन, जलकुम्भीबाट हस्तकला उत्पादन र सीप विकास, गण्डकी बहुप्राविधिक शिक्षालयका विद्यार्थीका लागि इन्टर्नसिप र प्रशिक्षण, विपन्न घरपरिवारलाई इन्डक्सन चुलो वितरण र नेपाल विद्युत् प्राधिकरणसँगको समन्वयमा विद्युतीय पूर्वाधार सुधारको क्षेत्रमा समन्वयात्मक ढङ्गले परियोजना सञ्चालन हुने बताए । पहिलो चरणमा पाइलट परियोजनाका रुपमा छ महिनाभित्र मूल्याङ्कन गरी त्यसको प्रभावकारिताका आधारमा फेवाताललगायत अन्य तालमा परियोजना क्रमशः विस्तार गर्दै लगिनेछ।

परियोजनामार्फत पोखरामा रहेका तालको दिगो संरक्षण र विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास गरिएको छ भने, तालहरूमा देखिने फोहर र प्रदूषणको समस्या समाधान हुने अपेक्षा छ । स्थानीय समुदायको आर्थिक सशक्तीकरण, आयआर्जन र जीविकोपार्जनमा उल्लेखनीय सुधार गर्दै विपन्न परिवारलाई विद्युतीय चुल्हो वितरण गरी वातावरण तथा पर्यावरणीय सन्तुलनमार्फत पोखरा महानगरपालिकाको प्रथम पञ्चवर्षीय नगर ऊर्जा योजना कार्यान्वयनमा सहयोग पुग्ने जनाइएको छ। लक्ष्मी हाउसले गरेको जस्तै त्यही सरहकाले सहयोग गरेमा पोखराका सार्वजनिक सम्पत्ति र सम्पदालाई बचाउन सकिनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# नस्ल सुधारका लागि नौ हजार पशुमा कृत्रिम गर्भाधान

**पोखरापत्र संवाददाता**
दमौली, २२ साउन

तनहुँमा एक वर्षमा नौ हजार ५०० भन्दा बढी पशुको कृत्रिम गर्भाधान गरिएको छ। जिल्लामा रहेका १० वटा कृत्रिम गर्भाधान केन्द्रबाट आर्थिक वर्ष २०८१/८२ मा नौ हजार ५५२ पशुको कृत्रिम गर्भाधान गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले जनाएको छ।

पछिल्लो केही वर्षयता जिल्लामा कृत्रिम गर्भाधानप्रति कृषकको आकर्षण बढ्दो छ । आर्थिक वर्ष २०८०/८१ मा आठ हजार ११३ र आर्थिक वर्ष २०७९/८० मा सात हजार ९१६ पशुमा कृत्रिम गर्भाधान गरिएको थियो । केन्द्र प्रमुख रविनसन अधिकारीले नेपालमा पालिएका दुधालु गाईको नस्ल सुधारका लागि सरकारले कृत्रिम गर्भाधानमा प्राथमिकता दिँदै आएको बताउनुभयो । पशुहरूमा कृत्रिम गर्भाधान गराएमा कम उत्पादनशील स्थानीय पशुको उत्पादकत्व वृद्धि हुने, प्रजननका लागि भाले जनावर पाल्नु नपर्ने, हाडनाता प्रजननबाट उत्पादकत्वमा हुने ह्रास नहुने र प्रजननको माध्यमबाट सर्ने विभिन्न रोगबाट पशुको बचावट गर्न सकिने अधिकारीको भनाइ छ । कृत्रिम गर्भाधान गरेको तीन वर्षभित्रै पशुहरूले आफ्नो उत्पादकत्व दिन सक्ने छन्‌भने जिल्लामा उत्पादन हुने दूधलगायत दुग्धजन्य वस्तुको उत्पादनमा वृद्धि भई बाहिरी जिल्लाबाट उन्नत पशुहरू आयात गर्न नपर्ने उहाँले उल्लेख गर्नुभयो।

जिल्लामा गाईमा बढी कृत्रिम गर्भाधान गरिएको छ । एक वर्षमा पाँच हजार ३७ गाई, चार हजार ४१७ भैंसी, ७६ बाख्रा, २२ बङ्गुरमा कृत्रिम गर्भाधान गरिएको केन्द्रले जनाएको छ। अधिकारीका अनुसार भेटेरिनरी अस्पताल गर्भाधान केन्द्रबाट दुई हजार ८५, व्यास नगरपालिकाबाट ३४५, भानु नगरपालिकाबाट ६८८, भिमाद नगरपालिकाबाट ६०६, शुक्लागण्डकी नगरपालिकाबाट एक हजार ९६१, बन्दीपुर गाउँपालिकाबाट एक हजार २२२, आँबुखैरेनी गाउँपालिकाबाट एक हजार ३४९, म्याग्दे गाउँपालिकाबाट ६१९, देवघाट गाउँपालिकाबाट ६६५ र ऋषिङ गाउँपालिकाबाट १२ पशुको कृत्रिम गर्भाधान गरिएको छ । घिरिङ गाउँपालिकामा भने कृत्रिम गर्भाधान केन्द्र छैन।

**तीन हजारभन्दा बढी पशुको उपचार**

केन्द्रले एक वर्षमा तनहुँसहित छिमेकी जिल्लाबाट समेत गरी तीन हजार ६९० पशुको उपचार गरेको छ । केन्द्रमा तनहुँका अतिरिक्त गोरखा, लमजुङ, कास्कीबाट समेत कृषकले बिरामी पशुको उपचारका लागि ल्याएका थिए । आँबुखैरेनीका एक, बन्दीपुरका ७५, भानुका ६२, देवघाटका पाँच, भिमादका सात, व्यासका तीन हजार ९९, म्याग्देका २४९, ऋषिङका १३५, शुक्लागण्डकीका आठ, कास्कीका एक, गोरखाका तीन, लमजुङका ४४ र गोरखाका एक पशुको उपचार गरिएको छ।

जिल्लामा गाई र भैंसीपालनको सङ्ख्या घटेको र बाख्रापालनको सङ्ख्या बढेको छ । एक वर्षमा गाईपालन दुई हजार ४८२, भैंसीपालन दुई हजार ८८३ ले घटेको केन्द्रले जनाएको छ। त्यस्तै, बाख्रापालन ४०३ ले बढेको छ।


# ऋण चुक्ता गर्ने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०४/२३**

यस जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा, कास्कीका तपाईं तपशिलको ऋणी सदस्यले यस संस्थाबाट विभिन्न प्रयोजनको लागि ऋण सुविधा लिएर संस्थासँग गर्नु भएको सम्झौता एवं तमसुकको शर्त बमोजिमको तोकिएको समयावधिभित्र ऋणको साँवा व्याज नबुझाई ऋण सम्झौताका शर्तहरु उल्लंघन गर्नु भएको तथा तपाईं ऋणी, परिवारजन एवं धनजमानकर्तालाई पटकपटक लिखितम, मौखिक, फोन एस एम एस, सामाजिक सन्जाल मार्फत सूचना गरी तरताकेता गर्दा समेत ऋण चुक्ता गर्न तर्फ तपाईं ऋणी, परिवारजन एवं धनजमानतकर्ताले कुनै चासो नदेखाएकोले ऋण चुक्ता गर्नका लागि यहाँहरुका नाममा प्रथम पटक मिति २०८२/०४/२३ मा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा यस संस्थामा उपस्थित भई ऋणको साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम चुक्ता भुक्तान गर्नुहुन अनुरोध छ। उल्लेखित मिति भित्रमा संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण ऋण, व्याज, हर्जाना तथा अन्य लेना रकम समेत चुक्ता नभएमा यस संस्थालाई ऋण सुरक्षण वापत लेखिदिनु भएको तपशिलको चल/अचल सम्पत्ति प्रचलित ऐन कानुन तथा विद्यमान सहकारी ऐन नियमावली तथा संस्थाको बिनियिम एवं नीति नियमावली बमोजिम धितो लिलाम बिक्री गरी सोबाट आफ्नो सम्पूर्ण लेना रकम असुल उपर नभएमा यहाँको अन्य चल/अचल सम्पत्ति तथा यहाँको परिवार एवं ऋण सिफारिस कर्ता/जमानतकर्ताको चल/अचल श्रीसम्पत्ति, जायजेथाबाट समेत संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने गराउने व्यहोरा जानकारी समेत यसै सूचनाबाट जानकारी गराइन्छ। यो सूचना अनुसार समयमा नै संस्थामा सम्पर्क गरी ऋण व्यवस्थापन नगरे नगराएमा यहाँको सम्पूर्ण विवरण कालोसूचिमा राख्नको लागि सम्पूर्ण बैंक वित्तिय संस्था, स्थानिय निकाय एवं अन्य प्रशासनिक निकायलाई समेत पठाईने व्यहोरा यसै सूचना मार्फत अग्रिम रुपमा जानकारी गराउँदै हालसम्म संस्थामा तिर्न बुझाउन बाँकी रकम यथासक्य छिटो चुक्ता भुक्तानी गर्न गराउन हुन अनुरोध छ।

| सि.नं | ऋणी सदस्यहरुको नामथर | फोटो | धनजमानतकर्ताको नामथर, ठेगाना | फोटो | धितो विवरण |
|---|---|---|---|---|---|
| १ | नाम : बिष्णुमाया पौडेल बराल<br>ना प्र. प.न.: ५३८९६, कास्की<br>बुवा : मेघनाथ पौडेल<br>पति/पत्नी : खिमलाल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगाना : हाल पो.म.न.पा १७,<br>छोरेपाटन |  | नाम : खिमलाल बराल<br>ना.प्र.प.नं.: १४४२२४, कास्की<br>बुवा: नन्दलाल बराल<br>पति/पत्नी : बिष्णुमाया पौडेल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगाना: हाल पो.म.न.पा १७, छोरेपाटन<br><br>नाम : सबिन कुमार बराल<br>ना प्र.प.न.:४६०१७४/००७८४, कास्की<br>बुवा : खिमलाल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगाना: हाल पो.म.न.पा १७, छोरेपाटन<br><br>नाम: धर्मराज अर्याल<br>ना प्र.प.न.: ३४८०८, कास्की<br>पत्नी :<br>बुवा :झमलाल अर्याल<br>ससुरा/बाजे :नारायणदत्त अर्याल<br>ठेगाना: वालिङ्ग -०५ | <br><br> | ठेगाना : कास्की<br>पुम्दीभुम्दी<br>लुकुनस्वाँरा वडा<br>नं. २<br>कित्ता नं. : ११६२<br>क्षेत्रफल :<br>३-१३-०-० |
| २. | नाम : मसिना कुमारी गुरुङ्ग<br>ना प्र.प.नं. : १३६३१४, कास्की<br>पति/पत्नी :जुम प्रसाद गुरुङ्ग<br>ससुरा/बाजे :टेक बहादुर गुरुङ्ग<br>ठेगाना: हाल पो.म.न.पा १७ महतगौंडा |  | नाम : जुम प्रसाद गुरुङ्ग<br>ना प्र.प.न.: ५२८,कास्की<br>बुवा : टेक बहादुर गुरुङ<br>ससुरा/बाजे : मन बहादुर गुरुख्र<br>ठेगाना: हाल पो.म.न.पा १७, महतगौंडा |  | ठेगाना : कास्की,<br>पोखरा १७<br>कित्ता नं. : ६८<br>क्षेत्रफल ०-०-०-०<br>वर्ग मिटर १४३.१० |
| ३. | नाम : खिमलाल बराल<br>ना प्र. प.न.: १४४२२४, कास्की<br>बुवा : नन्दलाल बराल<br>पति/पत्नी : बिष्णुमाया पौडेल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगाना : हाल पो.म.न.पा १७ छोरेपाटन |  | नाम : बिष्णुमाया पौडेल बराल<br>ना प्र.प.न.: ५३८९६, कास्की<br>बुवा : मेघनाथ पौडेल<br>पति/पत्नी : खिमलाल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगाना : हाल पो.म.न.पा १७, छोरेपाटन<br><br>नाम : सबिन कुमार बराल<br>ना प्र.प.न.: ४६०१७४/००७८४,कास्की<br>बुवा : खिमलाल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगाना: हाल पो.म.न.पा १७, छोरेपाटन<br><br>नाम : सन्देश बराल<br>ना प्र.प.न.: ४६०१७४/००७९३, कास्की<br>बुवा : खिमलाल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगाना : हाल पो.म.न.पा १७, छोरेपाटन | <br><br> | ठेगाना : तनहुँ,<br>जामुने-८<br>कित्ता नं. ३९२ ४४<br>क्षेत्रफल १-१४-३-०<br>३-१४-०-० |
| ४ | नाम :सिर्जना परियार<br>ना प्र.प.नं.:४६/३/००२/११२४,कास्की<br>बुबा: लुरी दर्जी<br>पति/पत्नी :संजय साह<br>ससुरा/बाजे :जोगेन्द्र साह<br>ठेगाना: पोखरा २६ कास्की<br>हाल ठेगाना: पोखरा ०५ कास्की |  | नाम : संजय साह<br>ना प्र.प.नं.: ०५३०५०/७२९,मोरङ<br>बुवा : जोगेन्द्र साह<br>पति/पत्नी : सिर्जना परियार<br>ससुरा/बाजे : लक्ष्मी प्रसाद साह<br>ठेगाना: रंगेली ०४ मोरङ<br>हाल ठेगाना: पोखरा ०५, कास्की<br><br>नाम : प्रेम बहादुर विक<br>ना प्र.प.नं: ४६१०४४/६२६<br>बुवा : बुद्धि बहादुर विक<br>पति/पत्नी :<br>ससुरा/बाजे : काला बहादुर विक<br>ठेगाना : दाङसिङ ०८, कास्की | <br> | ठेगाना : तनहुँ,<br>क्यामिन,<br>छापथोक ०७<br>कित्ता नं.: ४४८<br>क्षेत्रफल ३-०-०-० |
| ५ | नाम : सन्देश बराल<br>ना प्र.प.नं.: ४६-०१-७४-००७९३, कास्की<br>बुवा: खिमलाल बराल<br>पति/पत्नी :<br>ससुरा/बाजे : नन्दलाल बराल<br>ठेगाना: पोखरा १७ कास्की |  | नाम : खिमलाल बराल<br>ना प्र. प.न.:१४४२२४,कास्की<br>बुवा : नन्दलाल बराल<br>पति/पत्नी :विण्णु माया पौडेल बराल<br>ससुरा/बाजे : दुर्गा दत्त बराल<br>ठेगाना: पोखरा १७ कास्की |  | ठेगाना : तनहुँ,<br>कुर्लुङ ५<br>कित्ता नं : ९७<br>क्षेत्रफल २-८-०-० |
| ६ | नाम : सबिता रन्जित<br>ना प्र.प.नं.: ४६१६९-००४६९,कास्की<br>बुवा : भिम बहादुर श्रेष्ठ<br>पति/पत्नी : दिलिप कुमार रन्जित<br>ससुरा/बाजे : हरिकृष्ण रन्जित<br>ठेगाना : पोखरा म.न.पा.-०३, तेर्सापट्टी |  | नाम : दिलिप कुमार रन्जित<br>ना प्र.प.नं.: ८६७४,कास्की<br>बुवा : हरिकृष्ण रन्जित<br>ससुरा/बाजे : लक्ष्मी नारायण रन्जित<br>ठेगाना : पोखरा म.न.पा.-०३ तेर्सापट्टी<br><br>नाम : सुजित तुलाधर<br>ना.प्र.प.नं.: १२०५९९,कास्की<br>पति/पत्नी : अलिसा श्रेष्ठ तुलाधर<br>बुवा : आनन्द मान उदास तुलाधर<br>ससुरा/बाजे : सोम मान तुलाधर<br>ठेगाना : पोखरा म.न.पा.-०३, तेर्सापट्टी | <br> | |

| सि.नं. | ऋणी सदस्यहरुको नामथर | फोटो | धनजमानतकर्ताको नामथर, ठेगाना | फोटो | धितो विवरण |
|---|---|---|---|---|---|
| ७ | नाम : सविन कुमार बराल<br>ना प्र.प.नं.: ४६-०१-७४-००७८४, कास्की<br>बुवाः खिमलाल बराल<br>पति/पत्नी :<br>ससुरा/बाजे :नन्दलाल बराल<br>ठेगानाः पोखरा १७ कास्की |  | नाम : खिमलाल बराल<br>ना प्र.प.नं.: १४४२२,कास्की<br>बुवा : नन्दलाल बराल<br>पति/पत्नी : विष्णु माया पौडेल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगाना : पोखरा १७ कास्की<br><br>नाम : सन्देश बराल<br>ना.प्र.प.नं.:४६-०१-७४-००७९३, कास्की<br>बुवा : खिमलाल बराल<br>पति/पत्नी :<br>ससुरा/बाजे : नन्दलाल बराल<br>ठेगाना : पोखरा १७ कास्की | <br> | ठेगाना :<br>तनहुँ, मनपाङ- १<br>कित्ता नंः २७३, १३६, १३४<br>क्षेत्रफल ३-८-०-०, ४-८-३-३, १-९-३-० |
| ८ | नाम : अनिल श्रेष्ठ<br>ना प्र.प.न.४३१०३५/१२१, तनहुँ<br>बुवा : नबिनलाल श्रेष्ठ<br>ससुरा/बाजे : प्रेमलाल श्रेष्ठ<br>ठेगानाः शुक्लागण्डकी न.पा -०७ खैरेनीटार |  | नाम : बिनोद श्रेष्ठ<br>ना प्र.प.नं.: ४३१०३५/१०७४९७, तनहुँ<br>बुवा : नबिनलाल श्रेष्ठ<br>ससुरा/बाजे : प्रेमलाल श्रेष्ठ<br>ठेगानाः शुक्लागण्डकी न.पा -०७ खैरेनीटार<br><br>नाम : धन बहादुर के.सी<br>ना प्र.प.नं.: १०१४०६, कास्की<br>बुवाःदल बहादुर खत्री<br>पति/पत्नी : सरस्वती के.सी.<br>ससुरा/बाजेः रुदबहादुर खत्री<br>ठेगानाः पोखरा म.न.पा. -१९ लामाचौर | <br> | |
| ९ | ऋणीको नाम :आसमाया गुरुङ्ग<br>ना प्र. प.नं. :५५७४२, गोरखा<br>बुवाः मिन बहादुर गुरुङ्ग<br>पति/पत्नी : गजेन्द्र थापा<br>ससुरा/बाजे :रत्न बहादुर थापा<br>ठेगाना : हाल पो.म.न.पा १६ लामाचौर |  | नाम : एलिसा गुरुङ्ग<br>ना प्र.प.नं.: ४४०१७९-०३२९१<br>बुवा : सेर बहादुर गुरुङ्ग<br>ससुरा/बाजे : हस्त बहादुर गुरुङ्ग<br>ठेगाना : हाल पो.म.न.पा १६, लामाचौर<br><br>नाम : रिदेज पुन<br>ना प्र.प.नं.:४६१०७५-०००९८<br>बुवा : देउ बहादुर पुन मगर<br>ससुरा/बाजे : प्रित बहादुर पुन<br>ठेगाना : हाल माछापुच्छे गा.पा ०१<br><br>नाम : धन बहादुर के.सी<br>ना प्र.प.नं.: १०१४०६, कास्की<br>बुवा : दल बहादुर खत्री<br>पति/पत्नी : सरस्वती के.सी.<br>ससुरा/बाजे : रुद्र बहादुर खत्री<br>ठेगाना : पोखरा म.न.पा. -१९ लामाचौर | <br><br> | |
| १० | ऋणीको नाम : धन बहादुर मगर<br>नाप्र.प.नं.: १२००२-३८-०६७-०६८, खोटाङ<br>बुवा : कमानसिं मगर<br>ससुरा/बाजे : शिब बहादुर मगर<br>ठेगाना : हाल माछापुच्छे गा.पा ०१ |  | नाम : जगन शोभा गुरुङ्ग<br>ना प्र.प.नं.: १४९६००, कास्की<br>बुवा : देब बहादुर गुरुङ्ग<br>ससुरा/बाजे :<br>ठेगाना : हाल पो.म.न.पा १९, लामाचौर<br><br>नाम : सरस्वती के.सी.<br>ना प्र.प.नं.: १०१४८८,कास्की<br>बुवा : होम बहादुर कार्की<br>पति/पत्नी : धन बहादुर के.सी<br>ससुरा/बाजे : दल बहादुर खत्री<br>ठेगाना : पोखरा म.न.पा. -१९ लामाचौर | <br> | |
| ११ | नाम : हेमलाल सुनार<br>ना प्र.प.नं.: ११४१५/१७३९, बाग्लुङ<br>बुवा : रत्न बहादुर कामी<br>ससुरा/बाजे : विर बहादुर सुनार<br>ठेगाना : पोखरा १४, कास्की काजीपोखरी |  | नाम :विना देवी विक<br>ना.प्र.प.नं.: १११५२/६८२१०४, बाग्लुङ<br>बुवा : हेमलाल सुनार<br>पति : राम बहादुर विक<br>ससुरा : धन बहादुर विक<br>ठेगाना : पोखरा म.न.पा. -१० कास्की<br><br>नाम : दुर्गी सुनार<br>ना.प्र.प.नं.: ४५०६-६४९, बाग्लुङ<br>पति : हेमलाल सुनार<br>ससुरा : रत्न बहादुर कामी<br>ठेगानाः पोखरा-१४, काजीपोखरी, कास्की<br><br>नाम : खेम सुनार<br>ना.प्र.प.नं.: ५०-०१-७६-०४१८४, बाग्लुङ<br>बुवा : हेमलाल सुनार<br>बजे : रत्न बहादुर कामी<br>ठेगानाः पोखरा-१४, काजीपोखरी, कास्की<br><br>नाम : चन्द्र बहादुर सुनार<br>ना प्र.प.नं.: १०१०/३३१७५, बाग्लुङ<br>बुवा : हेमलाल सुनार<br>बजे : रत्न बहादुर कामी<br>ठेगानाः पोखरा-१४, काजीपोखरी, कास्की | <br><br><br> | |

"सहकारीमार्फत् आत्मनिर्भरता"

**जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**

**Jayalaxmi Saving & Credit Co-operative Society Ltd.**

प्रधान कार्यालय : पोखरा-११, रानीपौवा, फोन: ०६१-५७५३८२, ५९०३८१

# माउन्ट अन्नपूर्णमा क्लबहरु गठन

पोखरापत्र संवाददाता
पोखरा, २२ साउन

पोखरा ३, नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक बिद्यालयमा बिभिन्न समुहरुमा क्लबहरु गठन गरिएको छ।

बिहिबार बिद्यालयले बिद्यार्थीको अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्ने उदेश्यले गेम एण्ड स्पोर्टस क्लब, सोसल सर्भिस क्लब र म्युजिक, आर्ट एण्ड लिटरेचर क्लब स्थापना गरिएको प्रिन्सिपल सइन्द्रराज श्रेष्ठले बताए । जस अन्तरगत गेम एण्ड स्पोर्टस क्लबको अध्यक्षमा एड्रिना गुरुङ र सचिवमा अप्सन पुन चयन भएका छन् । क्लबमा १५ जाना सदश्य छन् । उत्कृष्ट गुरुङ अध्यक्ष र सउरप बिक सचिव रहेको म्युजिक आर्ट एण्ड लिटरेचर क्लवमा १५ जना सदस्य रहने गरि गठन गरिएको छ । त्यस्तै १५ सदश्य रहेको सोसल सर्भिस क्लबको अध्यक्ष र सचिवमा क्रमश सुप्रिया गुरुङ र पुर्णिमा गुरुङले जिम्मेवारी पाएका छन् ।

विद्यार्थीलाई पाठ्यपुस्तकको ज्ञानसंगै अतिरिक्त क्रियाकलापमा समेत संलग्न गराई विविध विषयहरूमा अन्तरनिहित प्रतिभालाई प्रस्फूटन गराउँदै आएको विद्यालयले वार्षिक कार्यक्रम अनुसार नै क्लव गठन गरिएको विद्यालयका प्रशासक चित्र गुरुङले बताए । यसै बिच बिद्यालयले अत्तिरिक्त क्रियाकलाप अन्तरगर्त अग्रेजी र नेपालीमा गरि शिक्षामा सामाजिक सञ्जालको उपयोगिता शिर्षकमा बक्तृत्वकला प्रतियोगिता आयोजना गरेको छ। अग्रेजी बक्तृत्वकलामा बादल गुरुङ पहिलो,एड्रिन गुरुङ दोस्रो र अन्सु आचार्य तेस्रो हुन भए भने,नेपाली बक्तृत्वकला अन्तर गत धनमाया शिरिष प्रथम,कुशल क्षेत्री दोस्रो र तेस्रो भएको अतिरिक्त क्रियाकलाप निर्देशक तेज बहादुर गुरुङले बताए । म्यानेजमेन्ट,होटल म्यानेजमेन्ट र माउंटेनियरिंङ बिषयमा कक्षा १२ सम्म सञ्चालनमा रहेको गण्डकी प्रदेशकै पहिलो निजि स्तरबाट सञ्चालित बिद्यालय हो।

# धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने सूचना

**सुचना प्रकाशित मिति :२०८२।०४।२३**

यस धौलागिरी बचत तथा ऋण सहकारी संस्था लि. चिप्लेढुंगाबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दैदस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत नतिरी नबुझाई सहकारीसँग भएको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लघंन गरेको तथा उक्त कर्जाको भाखा समेत गुजारेको र क्रमश मिति २०८१/०५/१३ गते बिहिबार, मिति २०८१/०५/१७ गते सोमबार ३५ दिने, मिति २०८१/०६/२१ गते सोमबार १५ दिने र मिति २०८१/०७/२६ गते सोमबार ७ दिने साथै मिति २०७१/०८/१७ गते आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा लिलाम बढाबढको सूचना प्रकाशित भएकोमा केही दिनको लागि स्थगित गरी पुनः कर्जा बुझाउने मौका प्रदान गर्दै मिति २०८१/०८/२४ पुनः ७ दिने लिलाम सूचना प्रकाशित गरिएकोमा लिलाम टेण्डरमा कोही पनि सहभागी हुन नआउनुभएकोले पुनः यो ७ दिने धितो लिलामको सूचना प्रकाशित गरिएकोमा निज ऋणीले केही समयभित्र कर्जाको ब्याज र किस्ता रकम बुझाउन ल्याउँछु भनी निवेदन गर्नुभएको तर हालसम्म पनि कुनै जानकारी नआएको र साँवा, ब्याज र अन्य दैदस्तुर बुझाउन नआउनु भएकोले पुनः अन्तिम ७ दिने लिलाम बढाबढको सूचना प्रकाशित गरिएको छ। उक्त अवधिभर संस्थालाई बुझाउने/भुक्तानी गर्नुपर्ने ऋणको साँवा, ब्याज, हर्जाना र अन्य दैदस्तुर चुक्ता भुक्तानी नभएमा निज ऋणीसँग लिनुपर्ने कर्जाको साँवा, ब्याज, हर्जाना शुल्क र अन्य दैदस्तुर समेत असुल उपर गरी लिनका लागि सहकारी ऐन २०७४, प्रचलित सहकारी मापदण्ड, नीति नियम तथा यस संस्थाको विनियम समेतले दिएको अधिकार प्रयोग गरी यस संस्थालाई धितो सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेखित उक्त जग्गा पुर्नमूल्याङकन गरी पञ्चकृती मूल्याङकनका लागि सम्बन्धित निकायका प्रतिनिधीको उपस्थितिमा पञ्चकृति मूल्याङ्कन भई तपसिलमा राखिएको मूल्य कायम गरिएको हुँदा सोही अनुसार जेजस्तो अवस्थामा छ, सोही अवस्थामा निम्न मिति, समय र स्थानमा डाँक बढाबढ प्रक्रियाबाट लिलाम बिक्री गरिने सूचना समेत मिति २०८२/०४/२३ गते ७ दिने सूचना प्रकाशित गरिएको छ। आठौं दिनमा उक्त जग्गा लिलाम गरिने जानकारी सहित जग्गा लिलाम बढाबढ निम्न मिति, समय र स्थानमा हुने भएकोले लिलाम बढाबढको लागि उपस्थित भई सहभागी हुन इच्छुक महानुभावहरूको जानकारीको लागि यो अन्तिम ७ दिने सूचना प्रकाशित गरिएको छ।

**मितिः** २०८२/०४/३० गते शुक्रबार।
**स्थानः** रोयल साकुरा रेष्टुरेण्ट, पोखरा -४, महेन्द्रपुल
**समयः** दिनको ११ बजेबाट लिलाम बढाबढ सुरू हुने र १ बजे लिलाम टेण्डर खोलिने।

१) **निसा नेपाली**
**पुर्नमूल्याङकनः** रू. ८५,०४,४०००० (अक्षरूपी पचासी लाख चार हजार चार सय मात्र)
**पञ्चकृती मूल्याङकनः** रू. ८५,०४,४०००० (अक्षरूपी पचासी लाख चार हजार चार सय मात्र)
यस संस्थालाई बुझाउनुपर्ने रकम (सो मूल्यमा नघटाइकन)ः करिब रू. ८०,००,००० (अक्षरूपी असी लाख रुपैयाँ मात्र)

| क्र.सं. | ऋणीको नाम थर र ठेगाना | जमानी बस्नेको नाम, थर, ठेगाना | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | नामः निसा नेपाली<br>ठेगानाः पोखरा-१४, मझेरीपाटन<br>पतिः राजु नेपाली<br>ससुराः गोपी<br>ना.प्र.नं.:४६१००१/३२३०, कास्की | नामः राजु नेपाली<br>ठेगानाः पोखरा-१४, मझेरीपाटन<br>बाबुः गोपी<br>बाजेः मंगल नेपाली<br>ना.प्र.नं.: ७६५८४, कास्की | ऋणी निसा नेपालीको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको साविक निर्मलपोखरी-६, कास्की हाल पोखरा वडा नं. ३३, स्थित कित्ता नं. ९०९ को ४-०-०-० व.मि. क्षेत्रफलको जग्गा। |

**धितो लिलाम सम्बन्धी शर्तहरूः**

१. लिलाम डाँक बढाबढमा भाग लिन ईच्छुक व्यक्ति स्वयम सक्कल नागरिकता लिई उपस्थित हुनुपर्ने छ। संगठित संस्थाको हुकमा रीतपूर्वकको अख्तियारी तथा संगठित संस्थाको दर्तासँग सम्बन्धित कागजातहरू सहित उपस्थित हुनुपर्ने छ।
२. धितो सम्पतिको पंचकृते मूल्यलाई आधार मानि लिलामी गोप्य टेण्डर डांक बढाबढ हुनेछ। धितो लिलाम बढाबढमा अन्तिम पटक सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्ति वा संगठित संस्थाले आफूले कबुल गरेको मूल्य अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस संस्थामा तत्काल जम्मा गर्नुपर्ने छ।
३. सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्ति वा संगठित संस्थालाई धितो सम्पति बिक्री गर्ने नगर्ने अधिकार संस्थामा सुरक्षित रहुने छ। संस्थाले धितो सम्पति लिलाम बिक्री गर्ने निर्णय भई जानकारी दिएपछि लिलाम सर्कार्ने ब्यक्तिले सो को ७ दिन भित्र बाँकी सम्पूर्ण मूल्य रकम संस्थामा दाखिला गरिसक्नुपर्ने छ, अन्यथा निजको धरौटी रकम जफत हुनेछ।
४. लिलाम सकार गर्नेले सकार गरेको पुरा रकम उक्त तोकिएको समय भित्र बुझाएमा लिलाम सकारेको उक्त जग्गा निजको नाउँमा नामसारीका लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ। सो सम्बन्धी लाग्ने राजश्व तथा अन्य सम्पूर्ण खर्च धितो सर्कार्नेले व्यहोर्नु पर्नेछ।
५. धितो सम्पती लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ।
६. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरू ऋणी स्वयमले ब्यहोर्नु पर्नेछ।
७. लिलाम हुने धितो सम्पत्ति सम्बन्धी कागजात र लिलाम सम्बन्धी अन्य जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**धौलागिरी बचत तथा ऋण सहकारी संस्था लि.**
चिप्लेढुंगा-४, पोखरा । फोन नं.: ०६१-५५३८०९,०६१-५७२६४१